# सामाजिक सेवा केन्द्र (सोसेक) को
# भ्रष्टाचार विरुद्धको नीति

सामाजिक सेवा केन्द्र (सोसेक) दैलेख एक मुनाफा रहित सामाजिक संस्था हो, जुन समाजमा भष्ट्राचार हुन नदिन, भष्ट्राचार विरुद्ध अभियान चलाउन र समाजबाट भ्रष्ट्राचारको निर्मुल गर्न तपसिल बमोजिमका भष्ट्राचार विरुद्धको प्रतिवद्धता नीतिमा प्रतिवद्ध छ ।

१. सञ्चालित सवै किसिमका क्रियाकलापहरुमा पारदर्शिता (सहभागितात्मक योजना तर्जुमा प्रक्रिया, सार्वजनिक सुनुवाई, जन लेखापरीक्षण, सहभागीतात्मक अनुगमन तथा मुल्याङ्कन),

२. संस्थाको कुनै पनि पदाधिकारी तथा कर्मचारीहरुलाई दिएको जिम्मेवारीमा उसको जवाफदेहिता रहेको कुरामा विश्वास गरिन्छ । साथै दिएको जिम्मेवारीको नियमित अनुगमन तथा सुपरीवेक्षण गरिनुका साथै त्यसबाट प्राप्त प्रतिफलका आधारमा कारवाही गरिन्छ ।

३. कुनै पनि क्रियाकलाप सञ्चालन गर्दा त्यसको पुर्व योजनाको आधारमा गरिन्छ । जसमा विस्तृत रुपमा वजेटको पनि योजना तर्जुमा गरिएको हुन्छ, र त्यसकै आधारमा क्रियाकलाप सञ्चालन गरिन्छ । साथै विना योजनाका क्रियाकलापहरुलाई निरुस्साहित गरिन्छ ।

४. सहभागीतामुलक ढंगबाट सही योजना तयार गरी सके पछि सो योजनालाई कार्यसमितिबाट अनुमोदन भई सके पश्चात योजनालाई सञ्चालन र सम्पादन गर्नका लागि सम्पुर्ण आवश्यक अधिकार सम्वन्धित कार्यक्रम प्रमुखलाई दिईन्छ, र कार्यसमितिबाट त्यसमा कुनै किसिमको स्वार्थपुर्ण ढंगबाट अधिकार केन्द्रीकृत गर्ने तथा हस्तक्षेप गरिने छैन र प्रभावकारी सेवा प्रवाह र सही वित्तिय व्यवस्थापनका लागि नियमित अनुगमन तथा मुल्याङ्कन गरिन्छ ।

५. संस्थामा एक व्यक्ति एक पदको अवधारण लिएकोछ भने संस्थाका कार्यक्रममा निकटम नातेदारलाई सुपरभाईजर नरहने व्यवस्था गरिएकोछ ।

६. कर्मचारीहरुले दर्ता तथा प्रि-प्रिट विल नभएको अवस्था खर्च भुक्तानीको लागि संस्थामा विल पेश गर्दा एक जना साक्षी र उसको मोवाईल नं. राख्ने व्यवस्था गरिएकोछ जसका कारण कसैलाई भुक्तानी प्रमाणिकरण गर्न सजिलो तथा पारदर्शिता कायम् हुन मद्धत पुगेकोछ ।

७. खर्च भुक्तानी गर्दा पेश भएको विललाई लेखावाट रुजु, कार्यक्रम संयोजक वा सुपरभाईजरले सिफारिसलाई  अधिकार प्राप्त अधिकारीवाट प्रमाणित गरी मात्र भुक्तानी दिने व्यवस्था गरिएको छ जसका कारण वितिय जोखिमतालाई न्युनिकरण गर्न मद्धत पुगेकोछ ।

८. सवै कर्मचारीहरुको पारिश्रमिक वैंक खातामा भुक्तानी गर्ने व्यवस्था गरिएकोछ ।

९. संस्थाको कर्मचारी छनौट गर्दा संस्थाका पदाधिकारी तथा कर्मचारीको निकतम नातेदारले परिक्षामा सामेल भएमा सो व्यक्ति छनौट समितिमा वस्न नपाउने व्यवस्था गरिएकोछ ।

१०. नेपाली समाजमा धेरै पैसा कमाएको मान्छेलाई उच्च स्तरमा गणना गरिन्छ । तर हामी कसैले पैसा कमायो भने इमान्दारीका साथ कमाएको हो या होईन, सो को सही विश्लेषण गरी सके पश्चात मात्र उच्च स्तरमा गणना गर्दछौं ।

**नोट ः केहि कसैको गुनासो भए सम्पर्कका लागि तलको ठेगानामा पत्र तथा सम्पर्क, संस्था पदाधिकारी र अध्यक्षलाई फोनवाट जानकारी तथा संस्थामा स्थापना भएको गुनासो, जिज्ञासा र सल्लाह सुझावका लागि निशुल्क टोल फ्रि नं. १६६०८९४२००१ र मोवाईल नम्वर ९८५८०५०१०४ मा टिपाउनु हुन सथा गुनासो पेटिमा गुनासो हाल्न सक्नु हुनेछ । गुनासाहरूलाई तल ईमेलवाट पनि पठाउन सक्नु हुनेछ**

**सामाजिक सेवा केन्द्र (सोसेक), दैलेख**
केन्द्रीय कार्यालय : नारायण नगरपालिका वडा नं. १, दैलेख बजार
फोन नं. : ०८९-४१०१८७/४१००९६, पञ्याक्स नं.: ०८९-४१००९३
इमेल ठेगाना : cfm@sosec.org.np/sosecdailekh@gmail.com
टोल फ्रि नं. १६६०८९४२००१ मोवाईल ९८५८०५०१०४
वेब ठेगाना : www.sosec.org.np